आज २०७४ साल पौष १२ गते बसेको नगरकार्यपालिकाको बैठकबाट विविध विषयमा छलफल भइ देहायका निर्णयहरु गरियो ।

१ यस नगरपालिकाका वडा नं १ देखि वडा नं ८ वटा वडाहरुमा खुला दिसामुक्त कार्यक्रम घोषणा भैसकेको वडा नं ९ मा मिति २०७४ साल १३ गते बिहान घोषणा हुने भएको र जिल्लास्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति बाट पनि अनुगमन भइ मिति २०७४।९।१२ गतेको निर्णयबाट दक्षिणकाली नगरपालिका खुला दिसामुक्त क्षेत्र घोषणा गर्न अनुमति प्राप्त भएकोले मिति २०७४।९।१४ गते खुला दिसामुक्त नगर घोषणा गर्ने नगरस्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिको निर्णयलाइ अनुमोदन गर्ने ।

२ यस नगरपालिकामा हस्तान्तरण भैआएको दमकल को आकार अलि ठूलो भएको कारण नगरको बाक्लो बस्ती भएको ठाउँ लगायत सबै भेगमा जान नसक्ने भएकोले हाल उक्त दमकल जुध्द बारुणयन्त्रशालामा हस्तान्तरण गरि सानो आकारको दमकल माग गर्ने र नगरपालिकामा चाहिएको समयमा नगरपालिकालाइ सहयोग गरिदिन अनुरोध गर्ने ।

३ नगरपालिकामा विभिन्न पदको पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रतिनिधि लोक सेवा आयोगको पदपूर्ति प्रक्रिया सम्बन्धी जानकार रहेको लोक सेवा आयोगको कर्मचारी र नगरपालिकाको शिक्षा शाखा हेर्ने अधिकृतस्तरको कर्मचारि गरी चार सदस्यीय छनौट तथा सिफारिस समिति गठन गर्ने ।

४ डोल्लु खानेपानी आयोजनाको लागि लागत इस्टिमेट बमोजिमको जम्मा २६८५०४८।५५ रु रकम छुट्याउने ।

५ वडा नं १ का दिशन तामाङ जापान गइ खेलकुद प्रतियोगितामा दोश्रो भइ नेपालको गौरव बढाउन सफल भएकोले सम्मान स्वरुप रु २५०००। रकम आर्थिक सहयोग गर्ने ।

६ वडा नं ६ मा रहेको उग्रचण्डी मन्दिरमा बिजुली को तार सर्ट भइ आगो लागी मन्दिर पूर्णत ध्वस्त भएकोले पुरातत्व विभागमा मर्मत तथा जिर्णोध्द्वार को लागि पत्र पठाउने र ध्वस्त तबेला मादल लगायत अन्य माग भइ आएका सामान गरिद गर्नको लागि रु ९००००। आर्थिक सहयोग गर्ने ।

७ वडा नं ६ को मूल सडकबाट गोपालेश्वर जाने बाटोको छेउमा रहेको प्रतिक्षालय मर्मत तथा संभारको लागि लागत इस्टिमेट बराबरको रकम रु २००००। छुट्टयाउने ।